नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

मिति २०७८।०६।२६ गते नेपालगञ्जबाट मुगु गमगढी तर्फ गईरहेको भे १ ख ३१६७ नम्बरको बस मुगु जिल्लाको छायाँनाथ रारा नगरपालिका वडा नं ७ तपने खोलामा दुर्घटना हुँदा घटना स्थलमा २८ जना र उपचारको क्रममा अन्य ४ जनाको गरी जम्मा ३२ जनाको मृत्यू भएको छ । उक्त घटनाका १३ जना घाईतेहरुको नेपाली सेनाको हेलिकप्टर तथा समिट एयरको जहाजबाट उद्दार गरी नेपालगन्जमा उपचाररत रहेका छन । मृतकका परिवारहरुलाई नेपाल सरकारको तर्फबाट प्रति मृतक रु. पच्चीस हजार किरिया खर्च र रु. एक लाख आर्थिक सहायता उपलब्ध गराउन र घाईतेहरुको उपचार खर्च वापतको रकम भुक्तानीको व्यवस्था मिलाउने गरी प्रकृया आरम्भ गरिएको व्यहोरा जानकारी गराइन्छ ।

साथै, मिति २०७८।०६।२४ गते सुनसरी जिल्लाको जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेको एक व्यक्ति र मिति २०७८।०६।२५ गते कैलाली जिल्लाको टिकापुर ईलाका प्रहरी कार्यालयको हिरासतमा रहेको एक व्यक्तिले झुण्डिएर आत्महत्या गरेको तथा मिति २०७८।०६।२६ गते जिल्ला कारागार पर्वतमा रहेको एक वन्दीले झुण्डिएर आत्महत्या गरेको घटनाहरुको सम्बन्धमा यस मन्त्रालयका सहसचिव श्री थानेश्वर गौतमको संयोजकत्वमा छानविन गरी सत्य तथ्य पत्ता लगाउन र भविष्यमा त्यस्ता घटना घटन नदिन हिरासत तथा कारागारमा व्यवस्थापनमा गर्नु पर्ने सुधारहरुका सम्बन्धमा सुझाव पेश गर्न यस मन्त्रालयका सहसचिव श्री थानेश्वर गौतमको संयोजकत्वमा एक छानविन समिति गठन गरिएको व्यहोरा जानकारी गराइन्छ ।

२०७८।६।३१

मितिः २०७८/०६/३१

फणिन्द्रमणि पोखरेल
सहसचिव/प्रवक्ता